# मुसिकोट नगरपालिकाको बाह्रौं नगरसभाको बैठकमा
# नगर उपप्रमुख श्री गंगा श्रेष्ठले
# प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य
## १० असार, २०७९

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यहरु,**

**उपस्थित महानुभावहरु ।**

१. संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको तीन तहका सरकारहरु मध्ये स्थानिय सरकार, यस मुसिकोट नगरपालिकाको उपप्रमुखको हैसियतले नेपालको संबिधानको धारा २३० एवं स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम भर्खरै सम्पन्न स्थानिय तहको निर्वाचन सम्पन्न भइ जिम्मेवारी सम्हाले पछिको पहिलो र आर्थिक वर्ष २०७९/०८० को आय-व्यय विवरण (बजेट) प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई मुसिकोट नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु, साथै नगर उपप्रमुखको हैसियतले आ.व. ०७९।०८० को आय-व्यय विवरण (बजेट) यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

३. राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि मुलुकमा राजनैतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक विकास सहितको समृद्ध र समुन्नत विकास गर्न, आफ्नो शासन आफै वा आफ्नो प्रतिनिधि मार्फत गराई गणतन्त्रलाई संस्थागत गर्न र अग्रगामी परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । यस क्रममा भएका घाइते, अपाङ्ग, शहिद परिवार, बेपत्ता नागरिक र तिनका परिवारहरुको समेत स्मरण गर्दै परिवर्तनको लागि अग्रणी भूमिका निर्वाह गर्नु हुने व्यक्तित्वहरु र आम जनसमूदायमा हार्दिक सम्मान प्रकट गर्न चाहन्छु । साथै कोभिड-१९ महामारी र अन्य विपद्का कारण मृत्युवरण गर्नु भएका नागरिकहरुप्रति हार्दिक श्रद्दासुमन तथा परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु ।

४. नेपालको संबिधानले आत्मसात गरेको संघिय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारको रुपमा रहेको सबैभन्दा नजिकको सरकार स्थानिय तहको दोस्रो निर्वाचनबाट निर्वाचित हुनुभएका सम्पूर्ण जनप्रतिनिधिज्यूहरुलाई हार्दिक बधाइ दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । निर्वाचन प्रक्रियामा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सकारात्मक भूमिका निर्वाह गर्नुहूने निर्वाचन आयोग, राजनीतिक दल, कर्मचारी तथा सुरक्षाकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यबाद दिन चाहन्छु ।

५. स्थानिय निर्वाचनबाट हामी निर्वाचित भई पदभार ग्रहणसँगै आगामी आ.व को बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने यस परिस्थितिमा बिभिन्न पक्षहरुसँग ब्यापक रुपमा प्रत्यक्ष अन्तर्क्रिया गरी रायसुझाव लिने र आगामी आर्थिक वर्ष २०७९/०८० मा तर्जुमा र कार्यान्वयन गरिने योजना र कार्यक्रमहरु तर्जुमा गर्ने काममा औपचारिक कार्यक्रमहरु मार्फत प्रयाप्त राय सुझावहरु समाबेश गर्ने

कुरा बिबिध कारणले संभव नभएकोले राय सुझाव लिने बिधिमा परिवर्तन गरी बिभिन्न पेशा व्यवसायमा संलग्न भई स्वदेश एवं बिदेशमा रहनुहुने बिकासप्रेमी सम्पूर्ण मुसिकोट बासी महानुभावहरबाट राय सुझाव माग गरेका थियौँ। सो अनुरुप प्राप्त राय सुझावहरुलाइ यथासक्य समेट्ने प्रयास गरेका छौँ।

६. कानूनी प्रावधान बमोजिम बिभिन्न गैरसरकारी संघ संस्थाहरुले स्थानिय तहमा आफ्ना बिकास एवं आर्थिक गतिबिधिहरु संचालन गर्दा स्थानिय तहको बार्षिक कार्यक्रममा आफ्ना कार्यक्रमहरु समावेश गर्नु पर्ने व्यवस्था अनुरुप हामीहरुले सार्वजनिक सूचना जारी गरेका थियौँ, सो अनुरुप प्राप्त कार्यक्रमहरुलाई बार्षिक कार्यक्रममा समावेश गरेर मात्र कार्यक्रम संचालन गरीने ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

७. नगरपालिकाको आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संबिधान, नेपाल सरकारद्वारा स्वीकृत कार्य बिस्तृतिकरण प्रतिबेदन, दिगो बिकासका लक्षयहरु, नेपाल सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट बक्तव्य, लुम्बिनी प्रदेश सरकारको आ.व. २०७९/०८० को नीति, कार्यक्रम र बजेट बक्तव्य, बिभिन्न ब्यक्ति/संस्थाहरुबाट प्राप्त राय सुझाव मार्ग निर्देशन, पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना, मुसिकोट न.पा.को प्रथम आवधिक योजना र मध्यमकालिन खर्च संरचना, संघ एवं प्रदेशका माननिय सदस्यज्यूहरुबाट प्राप्त राय सुझावहरुलाई मार्ग निर्देशनको रुपमा लिनुका साथै राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र लगायत सरोकारवालाहरुबाट प्राप्त सुझावहरुलाई मैले मूख्य आधार बनाएको छु।

८. उच्च वित्तीय एवं भौतिक प्रगती साथै पूँजि निर्माणको लागि चालु आर्थिक वर्षका कतिपय हाम्रा कार्यक्रमहरु संसोधन गरेर पुन: प्राथमिकिकरण गर्नु परेको अवस्था जानकारी गराउन चाहन्छु।

९. स्थानिय अर्थतन्त्रमा प्रभाव पार्ने आन्तरिक एवं बाह्यय कारण, कोभिड-१९, विपद् लगायतका बिषय र हाम्रो भौगोलिक विशेषता, संभावनाका क्षेत्रहरु अनूकुल सोही अनुरुप अर्थतन्त्रमा जोड दिने कुरामा यो बजेट केन्द्रित रहेको छ। साथै बजेटले पूँजिगत खर्चलाइ उच्च प्राथमिकता दिने र चालु खर्चलाइ वान्छित सिमा भित्र राख्ने उद्देश्य लिएको छ।

**सभाध्यक्ष महोदय,**

१०. हाम्रो स्थानिय तहको नाम नै ऐतिहासिक आधारमा मूखरित भएको **"मूसिकोट"** आफैमा पावन भूमी हो । मुसिकोटवासी जनताको भाग्य र भविष्यको निर्धारण गर्न निर्वाचित हामी जनप्रतिनिधि माझ थुप्रै अवसर र चुनौतीहरु कायमै छन् । विद्यमान चुनौतीका बाबजुद मुसिकोट

नगरपालिकालाई सवल, सक्षम र समृद्ध नगरपालिका बनाउने हाम्रो प्रयासमा आम नागरिकदेखि संघीय सरकार र प्रदेश सरकारको पनि साथ रहेको छ।

११. संघिय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, कानून एवं मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शनका आधारमा सहभागितामूलक र साझेदारीताको माध्यमबाट स्थानीय जनताका जनजीविकाका समस्याहरु हामी आफै समाधान गर्ने अठोटकासाथ यो  वजेट तथा कार्यक्रम तर्जुमा भएको छ।

१२. नगरपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, लगायत स्थानिय तहको कोषमा प्राप्त हुने सबै प्रकारका रकम/कलम तथा श्रोत साधनहरुलाई एकिकृत गरी गरिब, महिला, बालवालिका तथा सामाजिक/आर्थिक दृष्टिकोणबाट पिछडिएको वर्ग र समूदाय एवं क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानिय सेवा प्रवाह र जनसहभागिता परिचालनबाट विकास निर्माण कार्य अगाडि बढाउन हामी प्रतिबद्ध रहेको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

**<u>चुनौतीहरु:</u>**

१३. विकास क्रियाकलापहरु जनमूखी, पारदर्शी, समतामूलक, सहभागितामूलक, दिगो, भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त संभावना र अवसर हुँदाहुँदै पनि हाम्रा सामु देहायका समस्या एवं चुनौतीहरुले कतिपय विकासका प्रक्रियाहरु सम्पादन गर्न कठिन भएको ब्यहोरा यस सम्मानित सभा समक्ष राख्न चाहन्छु।

- आन्तरिक आय न्युन हुनु, संघ र प्रदेशको अनुदानको भरमा हाम्रा बिकास योजना तर्जुमा गर्नु पर्ने बाध्यता,
- बसाइसराई एवं बैदेशिक रोजगारीको कारण खेती योग्य जमिनमा कृषिको आधुनिकिकरण एवं व्यवसायिकरण हुन नसक्नु,
- समूदाय र वडाबाट माग गरिने योजना अत्यधिक हुनु, उपभोक्ता समितिलाई यथार्थपरक ढंगले परिचालन गर्न नसक्नु,
- योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूखि र वस्तुपरक हुन नसक्नु,
- जलविद्युत एवं उर्जाको क्षमता कमजोर हुनु, गुणस्तरिय शिक्षा तथा संचारको कमि,
- तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिन नसक्नु,

- स्थानिय उपभोक्ता समितिको विकास प्रक्रियामा व्यवसायिकताको विकास हुन नसक्नु,
- हालका दिनमा इन्धनको मूल्यमा अत्यधिक बृद्धी, तरलता अभाव, विपद्/महामारी आदिका कारण श्रृजित कुराहरुले भावी कार्यदिशामा अन्यौलता हुनु ।
- शिपयूक्त र दक्ष जनशक्तिको पर्याप्त उपलब्धतामा समस्या ।

**उपस्थित महानुभावहरु,**

१४. अब म नगरपालिकाको समग्र स्थितिको बारेमा जानकारी गराउन चाहन्छु ।

(क) साबिकमा पहिलो स्थानिय तहको निर्वाचन (आ.व.२०७४/०७५) भएर आएपछिको पहिलो वर्षको बार्षिक कार्यक्रम आउने समय ज्यादै छोटो र अनुभव विहिन थियो । हालै सम्पन्न निर्वाचन पछि हामी पद बहाली गरे पछि साबिक स्थानिय तहबाट भए गरेका गतिविधिद्वारा हामीहरुलाइ धेरै सहज हुने ब्यहोरा महशुस गरेका छौं ।

(ख) हाल सम्मका स्थानिय तहका कार्यानुभवको कारण आ.व. २०७८/०७९ को बजेट र कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा आईपुग्दा स्थानिय तहको संबैधानिक व्यवस्थाको औचित्य पुष्टी भएको छ । कारण - शासन संचालनका धेरै पूर्वाधारहरु निर्माण भएका छन् ।

(ग) चालु आ.व.मा कार्यान्वयन गर्ने गरी छनौंट भई संचालित योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका र कतिपय योजनाहरु बाहेक उक्त योजना/कार्यक्रमहरु पूर्ण हुँदा नगरपालिकाको समग्र विकासमा उल्लेख्य प्रगती भएको महशुस हुने छ ।

(घ) आर्थिक एवं भौतिक प्रगतीको अवस्था देखिने गरी अनुसूचीमा व्यवस्थित गरिएको र संघिय एवं प्रदेश राजस्व बाँडफाँडको रकम प्रतिबद्धता अनुरुप प्राप्त हुने, आन्तरिक राजश्व असुली अनुमानको नजिक हुने संसोधित अनुमान छ ।

(ङ) गत आ.व. हरुमा गौरबका योजनाहरु लगायत प्रशस्तै अनुकरण गर्न लायक पूँजी निर्माणका कामहरु सम्पन्न भएका छन् ।

(च) गत आ.व.मा बहुवर्षिय ठेक्का अन्तर्गत संझौता भई निर्माणाधिन प्रशासकिय भवनको चालु आ.व.मा उल्लेख्य भौतिक प्रगति भएको र आगामी आ.व.२०७९/८० को दोस्रो चौमासिक देखि

सोही भवनबाट सेवा प्रबाह हुने ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन पाउँदा खुशि लागेको छ। त्यस्तै १५ शैयाको आधारभूत अस्पतालको बहुवर्षिय ठेक्का प्रक्रिया भइ निर्माणाधिन अवस्थामा रहेको छ, महेन्द्र नमूना मा.बि. का उत्कृष्ट भवनहरु सम्पन्न एवं सम्पन्नको चरणमा रहेका छन्।

(छ) गत आ.व. र चालु आ.व.मा संघिय सरकार र प्रदेश सरकारको समपुरक, बिशेष, शसर्त अनुदानमा बिद्यालय पूर्वाधार एवं दुनाम - मुसिकोट - बडागाउँ खानेपानी लगायत बहुउद्देश्यीय सभाहल, स्मार्टपार्क, मालिका मन्दिर, थुमपार्क, कभर्डहल, छत्रकोट लगायत महत्वपूर्ण योजनाहरु सम्पन्न र सम्पन्नको चरणमा रहेका छन्।

(ज) सामाजिक विकास अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तालिमको सञ्चालन तथा शैक्षिक सामग्रीको वितरण कार्यमा जोड दिईएको छ। विभिन्न किसिमका नेतृत्व विकास तथा सीपमुलक तालिमको सञ्चालन र सम्पन्न, शिक्षक पदपूर्ति, दरबन्दी मिलान, प्र.अ. मिलान गर्ने विषय हाम्रा प्राथमिकताका विषय हुन्।

(झ) गत आ व २०७७/७८ मा कूल आय अनुमान ६७ करोड ५३ लाख ३७ हजार चार सय १० रहेकोमा यथार्थ आय ६४ करोड ८७ लाख ८ हजार अठहत्तर रहेको थियो। चालु आ व को कुल संशोधित अनुमान ६७ करोड १४ लाख २९ हजार ५ सय १५ रहेकोमा हाल सम्मको यथार्थ आय ५९ करोड ९८ लाख ३८ हजार ३ सय ५८ रहेको छ। चालु आ व को अन्त्य सम्म वित्तिय प्रगति चालु तर्फ ९३ प्रतिशत, पूँजिगत तर्फ ८५ प्रतिशत हुने अनुमान रहेको छ भने भौतिक प्रगति ९५ प्रतिशत पुग्ने अनुमान गरिएको छ।

**१५. अव म आगामी आर्थिक वर्ष २०७९।०८० को बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

यसै सभामा आजकै मितिमा प्रस्तुत नीति तथा कार्यक्रम बमोजिम आर्थिक वर्ष २०७९।०८० का बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्।

(क) जनतामा उद्यमशिलताको विकास गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाँउदै जनताको जीवनस्तर बृद्धि, आम्दानी र रोजगारीका अवसरहरुको सिर्जना गर्ने,

(ख) कोरोना (COVID-19) लगायत विभिन्न प्रकारका रोग र बिपदबाट नागरिकको जीवन रक्षा र जनजीवनलाई सुरक्षित बनाउने साथै जनताको मौलिक हक अधिकारको रक्षा गर्दै सामाजिक

परिचालन र सामाजिक एकता कायम गर्ने, साथै लक्षित एवं सिमान्तकृत समुदायको उत्थान हुनेगरि सामाजिक न्यायलाई केन्द्रमा राख्ने,

(ग) उपलब्ध श्रोत/साधनहरुको अधिकतम प्रभावकारी रुपले परिचालन गर्दै विकासका सबै आयामहरु समेट्ने गरी योजना छनौट एवं बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने,

(घ) छनौट भएका योजना/कार्यक्र महरुको कार्यान्वयन संयन्त्र निर्माण र अनुगमन/मूल्याङकन लाई प्रभावकारी बनाउने,

**सभाध्यक्ष महोदय,**

१६. अब म आ.व. ०७९/०८० को संक्षिप्त आय विवरण तथा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**आम्दानी तर्फः**

**राजश्व आम्दानीः**

(क) आन्तरिक राजश्व अनुमान रु २ करोड ३५ लाख,

(ख) संघिय राजश्व बाँडफाँड रु १० करोड ४७ लाख ४० हजार,

(ग) प्रदेश राजश्व बाँडफाँड रु १ करोड ६३ लाख ५७ हजार,

**जम्मा राजश्व बाँडफाँड रकम रु १४ करोड ४५ लाख ९७ हजार,**

**नेपाल सरकार (संघिय सरकार) बाट प्राप्त हुने अनुदानः**

(क) वित्तीय समानिकरण अनुदान रु १२ करोड ७६ लाख,

(ख) संघिय शसर्त (हस्तान्तरित) रु ३२ करोड ९६ लाख,

(ग) समपुरक अनुदान रु ८०लाख,

(घ) बिशेष अनुदान रु २ करोड,

**जम्मा संघिय सरकारबाट प्राप्त हुने रु ४८ करोड ५२ लाख,**

**प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः**

(क) बित्तिय समानीकरण अनुदान - रु  ६९ लाख ६० हजार,

(ख) सशर्त अनुदान - रु  १ करोड १० लाख,

(ग) समपुरक अनुदान - रु २ करोड

(घ) बिशेष अनुदान - रु ७० लाख (मूख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम)

**जम्मा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रु ४ करोड ४९ लाख ६० हजार,**

**यसरी आर्थिक वर्ष २०७९/०८० को लागी नगरपालिकाको कुल आम्दानी तर्फ जम्मा रु ६७ करोड ४७ लाख ५७ हजार प्रस्ताव गरेको छु ।**

**यसको अलवा आगामी आ व २०७९।८० मा भिन्न सरकारी तथा गैरसरकारी निकायबाट देहाय बमोजिम रु २२ करोड ३६ लाखका आर्थिक गतिविधिहरु समेत सञ्चालन हुनेछन ।**

(क) प्रशासकीय भवनको लागि लागत साझेदारी रु २ करोड ८६ लाख

(ख) पर्यटन पूर्वाधार साझेदारी रु ३० लाख,

(ग) वामीटक्सार १५ शैया अस्पताल ३ करोड,

(घ) सामाजिक सुरक्षा भत्ता कार्यक्रम १५ करोड,

(ङ) सडक वोर्ड, नेपाल ४५ लाख,

(च) संघ/प्रदेश एवं अन्य निकायबाट लगानि हुने ७५ लाख,

१७. त्यसै गरी नगरको व्यय तर्फ चालु खर्च रु. ७ करोड १४ लाख ४६ हजार ८ सय ७५ रुपैया, संघिय सशर्त तर्फ पूँजीगत रकम समेत समावेश भएको र राजश्व बाँडफाँडको रकममा समेत पूँजीगत रकम समावेश भएकोले कुल बजेट ६७ करोड ४७ लाख ५७ हजारमा नगर तर्फको चालु खर्चको आधारमा कुल बजेटको २७ करोड ३७ लाख १० हजार १ सय ३२ पूँजीगत र चालुतर्फ ४० करोड १० लाख ४६ हजार ८ सय ७५ हुन आँउछ जुन कुल बजेटको पूँजीगत र चालु खर्च क्रमश: ४०.५६ र ५९.४४ प्रतिशत हुन जान्छ । चालु आ. व. को तुलनामा पूँजीगत खर्च तर्फ १.१७ प्रतिशतले बढी हो र चालुतर्फ १.१७ प्रतिशतले घटी हो, जुन हाम्रो घोषित नीति अन्तर्गत पर्दछ । विभिन्न सरकारी तथा गैरसरकारी सँस्थाहरुसँगको साझेदारी तर्फ २२ करोड ३६ लाख, संघ तथा प्रदेश सशर्त कार्यक्रम तर्फ रु. ३४ करोड ६ लाख, संघ तथा प्रदेश विशेष अनुदान तर्फ रु २ करोड ७० लाख, संघ तथा प्रदेश समपुरक तर्फ रु २ करोड ८० लाख, सामाजिक सुरक्षा तर्फ रु. १५ करोड, वडागत योजना पुँजिगत तर्फ रु ३ करोड ६२ लाख र वडा सञ्चालन खर्च चालु तर्फ रु २७ लाख गरी जम्मा व्यय रु. ६७ करोड ४७ लाख ५७ हजार हुने अनुमान गरेको छु ।

१८. संघीय सरकार तथा प्रदेश सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय कृषि, पशु, शिक्षा र स्वास्थ्यतर्फ सशर्त अनुदानको रुपमा प्राप्त रु. ३४ करोड ६ लाख  रुपैयाँ, सामाजिक सुरक्षा तर्फको रु १५ करोड, विशेष अनुदान तर्फको २ करोड ७० लाख, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको लागत साझेदारी तर्फको रु ७ करोड ३६ लाख र समपूरक अनुदान तर्फको २ करोड ८० लाख जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै आयोजना र कार्यक्रम बनाइरहनु परेन, संघीय तथा प्रदेश सरकारद्वारा प्राप्त भएको वित्तीय समानीकरण अनुदान, राजश्व वाँडफाँडको रकम र आन्तरिक आयबाट बाँकी हुन आउने कुल रकम रु २७ करोड ४१ लाख ९७ हजार मात्र कार्यक्रम बनाउनु पर्ने भएकोमा यस नगर कार्यपालिकाको कार्यालय तर्फ रु ६ करोड ८७ लाख ४६ हजार ८ शय ७५ रुपिँया र वडा कार्यालय सञ्चालन तर्फ रु २७ लाख गरी चालु तर्फ जम्मा रु. ७ करोड १४ लाख ४६ हजार ८ शय ७५ रुपैयाँ विनियोजन गरेको छु। नगरपालिका भर कार्यान्वयन हुने योजना र  वडागत सिलिङको आधारमा ९ वटा वडा समितिको कार्यालयबाट बस्ती स्तर हुँदै सहभागितामुलक तवरले सात वटा बजेट तर्जुमाका चरणहरु पुरा गरी ल्याइएका कुल आयोजना र कार्यक्रमको लागि  बजेट विनियोजन गरेको छु । कार्यान्वयनको हिसाबले सहजता होस भन्ने ध्येयले कृषि, स्वास्थ्य, लैङ्गिक समानता तथा समावेशीकरणमा छुट्ट्याईएको वजेट वडाबाटै सिफारिस भई आएका कार्यक्रममा एकीकृत रुपले समावेश गरिएकोले वास्तविक वडागत विषयगत वजेट रकम रु. ३ करोड ६५ लाख रुपैयाँ भएको जानकारी गराउँदछु। विभिन्न समितिहरुले आवश्यकता पहिचान गरेका भवन निर्माण, ठुला आयोजना लगायतका विभिन्न आयोजना कार्यक्रमहरुमा रु. १३ करोड ८८ लाख २४ हजार ६ सय ७५ रुपैयाँ विनियोजन गरेकी छु।

१९.अब म देहाय बमोजिम बिकासका बिभिन्न आयामहरु समेटीएको नगरपालिका स्तरीय कार्यक्रम तथा आयोजनाहरुलाई वर्गीकरण गरिएको वजेट व्यवस्थाका  सम्बन्धमा जानकारी गराउँदछु।

## आर्थिक बिकास

२०. जमिन बाँजो राख्ने प्रबृतिलाई निरुत्साहित गर्दै निर्वाहमुखी कृषिमा आधुनिकीकरण, यान्त्रीकिकरण, व्यावसायिकरण गरी यसमा आश्रीत जनशक्तिको आर्थिक उपार्जनमा बृद्धि गरी आत्मनिर्भर कृषक बनाउनका लागि हाम्रो प्रयास जारी रहनेछ। नगरपालिकाको जमिन जथाभावी खण्डिकरण गर्ने प्रवृतिलाई निरुत्साहित गरिने छ। कृषिमा उत्पादन र उतपादकत्व बढाउनको लागि उन्नत जातका विउको प्रयोग,सिचाइ सुविधाको विस्तार, माटो सुहाउँदो खेती प्रणाली, कृषि मेशिनरी कार्यक्रम आदिको व्यवस्था गरेको छु।

२१. मागमा आधारित कृषि तथा पशुपालन कार्यक्रमलाइ प्राथमिकता दिएको छु ।

२२. नेपाल कृषिको लागि उत्तम भूमी हो । त्यसमा पनि मुसिकोटको भूगोल कृषिको लागि उत्तम छ भन्ने हाम्रो ठम्याई छ । सो अनुरुप **"उत्तम कृषि, मध्यम ब्यापार, निम्न नोकरी** भन्ने कुरालाइ स्थापित गर्नु परेको छ ।

२३. नगरपालिकामा उत्पादित कृषि उपजहरुको बिक्रि बितरणमा सहजता ल्याउन "**कृषि उपज बिक्री सुनिस्चितता कार्यक्रम"** एवं हाटबजारको व्यवस्थालाई उद्यमशिलता विकास अन्तर्गत कार्यक्रम संचालन गरिने छ । सो को लागि रु ३० लाख बजेटको व्यवस्था गरेको छु ।

२४. कफिको लागि प्रशिद्ध मानिने यस नगरपालिकामा, "**कफी लगाऔ आम्दानी बढाऔ**" कार्यक्रम मार्फत कफीको उत्पादनलाई बृद्धि गरिनुका साथै कृषकहरुलाई प्रोत्साहन गरिनेछ । जसका लागि रु १० लाख रकम विनियोजन गरेकी छु । साथै संघिय सरकारवाट **"कफि पकेट"** कार्यक्रमलाइ निरन्तरता दिइएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

२५. तुलनात्मक लाभका वस्तुहरु पहिचान र व्यवसायीकरणमा जोड दिन र स्थानिय उत्पादनबाट लघु उद्यम संचालन गर्न विशेष प्राथमिकता दिईएको छ ।

२६. संबिधानको भावना अनुरुप नीजि, सार्वजनिक र सहकारीको माध्यमबाट स्थानिय अर्थतन्त्रको उन्नयन गर्न सकिन्छ भन्ने हाम्रो ठम्याई छ । नीजि क्षेत्रलाई प्रोत्साहन, सार्वजनिक क्षेत्रलाई क्षमतावान र सहकारी क्षेत्रलाई आकर्षण जस्ता विषयहरुलाई समेट्दै हाम्रो बजेट तथा कार्यक्रम निर्माण भएको हुँदा सबै क्षेत्रलाई समेट्ने गरी बजेट तर्जुमा गरिएको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

२७. फलफुल तथा मसला बाली खेती प्रबर्धन कार्यक्रम, च्याउको खेती प्रबर्धन कार्यक्रम, गोला सहित मौरी घार बितरण, अन्न बाली बिउ वितरण, बिदेशवाट फर्किएका युवाहरुको लागि लक्षित कार्यक्रम जस्ता गतिबिधिहरुको लागि कृषि कार्यक्रम केन्द्रित हुने गरी आवस्यक बजेटको ब्यवस्था गरेको छु ।

२८. विदेशबाट फर्कि आफ्नै गाउँघरमा रही व्यवसाय गर्ने कृषक तथा उद्यमीहरुका लागि **"आफ्नो गाउँ फर्की आँए"** कार्यक्रम मार्फत प्रोत्साहन तथा सम्मान गरिने छ साथै

"**पख्नुहोस तपाईको लागी हामी केही गर्दैछौ"** कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाईने छ, त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२९. कृषि तथा पशु सेवा तर्फ  बहुआयामिक बिकासको लागि संघ र स्थानियतहको संयूक्त लगानीमा **"कृषि र पशु प्राबिधिक"** कार्यरत रहेका छन् । चालु आ.व. मा संघिय *सरकारद्वारा* **"भेटेनरी डाक्टर"** को ब्यवस्था हुने ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

३०. व्यावसायिक कृषकहरुको लागि भकारो सुधार कार्यक्रम, बाख्रा टेवा कार्यक्रम, भ्याक्सीनेशन कार्यक्रम, मासुपसल तथा बधसाला सुधार कार्य्रक्रम, सिपयुक्त जनशक्तिलाई यसतर्फ आकर्षित गरी पूर्ण व्यावसायिक बनाउने नगरपालिकाको सोँच रहेको छ ।

३१. पशु औषधि खरिद, भ्याक्सीनेसन कार्यक्रम, माछा प्रबर्धन कार्यक्रम, कृतिम गर्भाधान, विभिन्न तालिमहरु, खोप कार्यक्रम, सरोकारवालाहरुसंग अन्तरक्रिया, पशु स्वास्थ्य शिविर, कफि लगाऔं आम्दानी बढाऔं, कृषि बाली संरक्षण रोग किरा नियन्त्रण, कृषि तालिम, बहुउद्देशिय नर्सरी निर्माण लगायत क्रियाकलापको  लागि कृषि र पशु सम्बन्धी फरक फरक कार्यक्रममा नगर तर्फ रु. २९ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु । यसमा शसर्त तर्फ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत पकेट/ब्लक कार्यक्रम, उन्नत बिउ बितरण जस्ता कार्यक्रम कार्यान्वयन गरिने छ ।

३२. उद्यमशिलता बिकास गर्नको निमित्त घरेलु उद्योगहरुलाई संरक्षण र सम्बर्द्धन गरी यिनीहरुलाई परिस्कृत गर्न प्रविधिको अनुशरण गरी जनजीविकालाई सहज बनाउनको लागि बजेटको ब्यवस्था गरेकी छु । आत्मनिर्भर नगरपालिका बनाउने अभियानमा हाम्रो क्षेत्रमा विकास र सञ्चालन हुन सक्ने उद्योगको लागि सम्भाव्यताको खोजी हुनेछ । चालु आ.व.मा संचालित **"गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम"** आगामी आ.व.मा पनि संचालन हुने ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

३३. यस नगरपालिका क्षेत्रभित्र प्राकृतिक, साँस्कृतिक, पुरातात्विक महत्वका सम्पदाहरु र विभिन्न देवी देवताका मठमन्दिर, विभिन्न जात जातीहरुको संगम स्थल भएकोले पर्यटनको प्रवर्द्धन र सञ्चालन हुन सक्ने सम्भाव्यता छ । "**समृद्ध मुसिकोट नगरको आधार: कृषि, पर्यटन, पूर्वाधार र रोजगार**"  भन्ने हाम्रो नारालाई सार्थक तुल्याइ यस नगरपालिकालाई आन्तरिक पर्यटनको आकर्षक स्थल बनाइ पर्यटन प्रवर्धन गरी पर्यटनबाट प्राप्त आयको समन्यायिक वितरण गरी जनताको

जीवनस्तरमा सुधार गर्नको लागि पर्यटन प्रवर्द्धन तर्फ प्रदेश र संघिय सरकार सँगको साझेदारीमा गत आ. व. मा महत्वपूर्ण योजनाहरु सम्पन्न भएका छन्, सो संग जोडिएका हाम्रा गौरबका योजनाहरु सम्पन्न गर्न संघ र प्रदेशसंग बिषेश पहल गरिनेछ।

३४. समग्र राष्ट्रले सहकारीलाई आर्थिक विकासको प्रमुख आधार स्तम्भ मानेको वर्तमान अवस्थामा मुसिकोट नगरपालिका भित्र छरिएको स-सानो पूँजीलाई नगरपालिकाको समग्र विकासका लागि संकलन गर्ने, परिचालन गर्ने, नियमन र अनुगमनको व्यवस्था साथै सहकारीको माध्यमबाट आर्थिक सामाजिक विकास गरी समुदायमा आधारित ग्रामिण आत्मनिर्भर अर्थतन्त्रको अवलम्बनको आवश्यकता छ । सहकारीसंग रहेको पूँजीलाई नगरपालिकाको बिकासमा लगानी गर्न उत्प्रेरित गरिनेछ।

३५. आर्थिक विकास शिर्षक अन्तर्गत आगामी आ.व. २०७९/०८० को लागि नगर तर्फ जम्मा रकम रु २ करोड ५९ लाख ३५ हजार बिनियोजन गरेको छु जुन नगर तर्फको कुल बजेटको ७.५१ प्रतिशत हुन आँउदछ।

## सामाजिक विकास

### शिक्षा

३६. संबिधान बमोजिम आधारभूत र माध्यमिक शिक्षा स्थानिय तहको अधिकार अन्तर्गत पर्ने बिषय भएको र यस सम्बन्धी कानूनको तर्जुमा र कार्यन्वयन गर्ने एवम् शिक्षा समाज रुपान्तरणको साधन भएको कारण शिक्षामा लगानी बिना मानब बिकास अपुरो रहन्छ। शिक्षा क्षेत्रमा बिभिन्न गतिबिधिहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

३७. नगरपालिका भित्रका विद्यालयहरुलाई व्यवस्थित तवरले सञ्चालन गर्न आर्थिक अवस्था कमजोर भएका विद्यालयहरुको पुर्वाधारहरुको विकासका लागि पुनः निर्माण प्राधिकरण र संघिय विशेष अनुदान मार्फत विभिन्न विद्यालयका भवनहरु सम्पन्न भएका छन्। एक मात्र नमूना माध्यमिक बिद्यालय (श्री महेन्द्र मा.बि.) को उल्लेख्य भौतिक पूर्वाधारका कामहरु सम्पन्नको चरणमा रहेका छन् र आगामी आ.व.मा पनि पूर्वाधारको लागि बजेट प्राप्त हुने सुनिश्चितता भएको छ।

३८ शिक्षा क्षेत्रको सर्वत्तोमुखी बिकास एवं शैक्षिक गुणस्तर सुधारको लागि **"शैक्षिक गुणस्तर बिकास कोष"** नामक एक कोषको स्थापना गरिएको छ। जसको लागी ४५ लाख विनियोजन गरेको छु।

३९. मुसिकोटको नगरपालिकाको आफ्नै स्थानिय पाठ्यक्रम निर्माणको काम चालु आर्थिक वर्षमा सुरुवात गरिएको छ । यसलाई निरन्तरता दिंदै स्थानिय पाठ्यक्रमको निर्माण गरि कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु। यसलाइ मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमसंग आवद्द गरिने छ।

४०. शिक्षाबाट वञ्चित एवं पँहुच पुग्न नसकेका सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउने मूल नीति अनुरुप विद्यालयको पहुँच बाहिर रहेका **"अनाथ बालबालिकाहरुलाई विद्यालयको पहुँचमा"** ल्याउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४१. गुणस्तरीय एवं व्यावहारिक शिक्षालाई प्राथमिकतामा राखी विद्यालयहरुलाई प्रविधि मैत्री बनाउनको लागि आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर खरिदका साथै, इन्टरनेट जडानको लागि आवश्यक व्यवस्था मिलाएको छु।

४२. विद्यालयमा विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलापमा जोड दिनुका साथै। युवा लक्षित खेलकुदका कार्यक्रमहरुलाई प्राथमिकतामा राखी सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

४३. बिद्यालयमा सूचना प्रबिधिलाइ प्राथमिकताकासाथ बिकास गर्न **"शिक्षक आधारभूत कम्प्यूटर तालिम"** र बिद्यालयमा बित्तिय सु-शासन कायम गर्न **"बिद्यालयका लेखापालहरुलाइ लेखा सम्वन्धी तालिम"** को लागि आवश्यक रकम विनियोजन गरेको छु।

४४. गुणस्तरिय शिक्षाको लागि बिद्यार्थीहरुलाई विद्यालयमा **“ल्याउन, टिकाउन र सिकाउन” “बिद्यालय दिवा खाजा”** को कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक बजेट संघिय सरकारसंगको कार्यक्रममा बजेट विनियोजन गरेको छु।

४५ युवा रोजगारी र शिक्षालाई जोड्दै **"शिक्षालाई शिपसँग, शिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई वजारसँग जोड्न"** का लागि **"पढ्दै कमाउँदै"** कार्यक्रमलाई परीक्षणको रुपमा लागु गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४६. विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई थप प्राथमिकता दिई प्रभावकारी कार्यान्वयजको लागी आवश्यक बजेट विनियोजन गरीएको छ।

४७. शिक्षालाई प्रविधिमैत्री बनाउन आवश्यक रकम ब्यवस्था गरेको, शिक्षामा विभिन्न प्रवर्धनात्मक कार्यक्रम संचालन गरी समग्र शिक्षा क्षेत्रलाई गुणस्तरीय, प्रतिस्पर्धि र व्यावसायिक बनाउन जोड दिनुका साथै कोभिड-१९ सिकाइ सहजीकरणका लागी संघिय सरकारको तर्फवाट आवश्यक बजेटको ब्यवस्था भएको छ। शिक्षा क्षेत्रमा सशर्त अनुदानको अलावा रु.२ करोड ९२ लाख ८६ हजार ४ सय ५० रुपैयाँ विनियोजन गरेकी छु ।

**स्वास्थ्य**

४८. आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकारको विषय भएकोले स्वास्थ्य सेवालाई हरेक नागरिकको पहुँचमा राख्न तथा यो सेवा सहज सरल र सर्वसुलभ रुपमा अनुभूत हुने गरी प्रत्याभुत गर्न प्रत्येक स्वास्थ्य सस्थाहरुको सवलिकरणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४९. स्वास्थ्य सस्थाहरुमा जस्तोसुकै अवस्थामा पनि औषधीको नियमित आपुर्ति गर्नको लागि औषधी खरिदको लागि शसर्तका अलवा रु १५ लाख ब्यवस्था गरेको छु। स्वास्थ्य सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउनुका साथै स्वास्थ्य संस्थामा जनशक्तिको पर्याप्त व्यवस्था मिलाउनको लागि आवश्यक व्यवस्था गरेको छु।

५०. नागरिकको आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि नगर प्रमुखको पद बाहालीको क्रममा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्राथमिक उपचार बक्स वितरण गर्ने निर्णय कार्यान्वयन भैसकेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु। स्वास्थ्य आमा समुह प्रबर्द्धन, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाकाहरुका लागि विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरुका साथै उत्कृष्ट स्वयं सेविकाहरुलाई पुरस्कृतको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५१. मातृ तथा नवशिशुको स्वास्थ्यलाई प्रथामिकतामा राखी घरमा प्रशुती हुने दरमा कमी ल्याई स्वास्थ्य संस्थामा प्रशुती हुने दरमा बृद्धी गर्नको लागी स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छु। शुन्य होम डेलिभरी नगरपालिका

घोषणाको लागी अनुशिक्षण, वरदान सामुदायिक शहरी स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर स्थापना तथा सन्चालनका लागि रु ११ लाख बजेट विनियोजन गरेको छु।

५२. गर्भवतीसँग उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिनुका साथै कार्यक्रमलाई थप प्रभावकारी बनाउन गर्भवती र सुत्केरी आमाहरुलाई निःशुल्क क्याल्सियम चक्की वितरणका लागि रु १५ लाख विनियोजन गरेको छु।

५३. बिशेषज्ञ सेवा सहितका विभिन्न किसिमका स्वास्थ्य शिविरहरु संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । साथै प्रदेश सरकारसंगको समन्वयमा जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य परिक्षणको लागी आवश्यक व्यवस्था मिलाएको छु।

५४. स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर वृद्धीका लागि सम्पूर्ण स्वास्थ्य संस्थामा ल्याव स्थापना गर्ने नीति अनुरुप यस आ. व. मा कुर्घा स्वास्थ्य चौकीमा ल्याव स्थापनार्थ रु ५ लाख बजेट विनियोजन गरेको छु।

५५. हाम्रो स्वामित्वमा रहेका एम्बुलेन्सहरु हाम्रा सम्पत्ति हुन् बिरामीको सुबिधाको लागि यिनको उचित ब्यवस्थापन गरिनुका साथै थप एक एम्बुलेन्स खरिदका लागि रु १२ लाख बजेटको व्यवस्था गरेको छु।

५६. बहु क्षेत्रीय पोषण कार्यक्रमलाई समन्वयात्मक ढंगले कार्यान्वयन गरिने छ, यसको लागि संघ तथा प्रदेश सरकारको तर्फबाट आवश्यक बजेटको ब्यवस्था भएको छ।

५७. आयुर्बेद एवं प्राकृतिक चिकित्सा पद्धति प्रतिको धारणा विकास गर्न जिल्ला आयुर्वेद केन्द्रको सहयोगमा स्वस्थ्य शिविरको ब्यवस्था गरिने छ।

५८. समग्र स्वास्थ्य सेवा तर्फ सशर्त वाहेक समानीकरण अनुदानबाट रु. २ करोड १५ लाख ४९ हजार विनियोजन गरेको छु।

**सामाजिक सुरक्षा तथा संरक्षण**

५९. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाइ प्रबिधि मैत्री बनाउने काम सम्पन्न भएको छ । यसले गर्दा सेवा ग्राहीले सुलभ ढंगबाट यो सुबिधा लिने सुनिश्चितता भएको छ।

६०. सामाजिक सुरक्षा तथा ब्यक्तिगत घट्ना दर्ता प्रणाली सुदृढुकरण आयोजना अन्तर्गत सशर्त अनुदान तर्फ प्राप्त बजेट बमोजिमको कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिने छ।

६१. अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई संरक्षण गर्दै अपाङ्गता परिचयपत्र वितरण, नविकरण र सहायक सामाग्री वितरण लगायत अपाङ्ग लक्षित कार्यक्रमको निरन्तरताको लागि रु ७ लाख रकम छुट्टाएको छु।

**खानेपानी तथा सरसफाई**

६२. हाम्रा आफ्नै एवं संघ र प्रदेश सरकार समेतको सहकार्यमा खानेपानीका गौरबका आयोजनाहरु सम्पन्न भएका छन् र सम्पन्नको चरणमा छन्। एक घर एक धाराको अभियान सम्पन्नको चरणमा हामी छौं।

६३. चालु आ.व.मा कार्यान्वयन सम्पन्न हुने आयोजनहरुवाट समेत **"एक घर, एक धारा"** को हाम्रो अभियानलाई टेवा पुग्ने छ भन्ने कुरा यस सम्मानित सभामा जानकारी गराउन पाँउदा खुशी लागेको छ। समग्र खानेपानी तथा सरसफाई तर्फ सशर्त वाहेक समानीकरण अनुदानबाट रु. २७ लाख विनियोजन गरेको छु।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

६४. समाज रुपान्तरणको प्रमूख पक्ष सामाजिक परिचालन र सामाजिक सांस्कृतिक ऐक्यबद्धता भएकोले यस पक्षमा विशेष ध्यान दिंदै टोल बिकास संस्था गठन गर्न रु ५ लाख बजेटको ब्यवस्था गरेको छु।

६५. नगरपालिकाको टोल, वडास्तरमा महिला समूह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आय आर्जनमा बृद्धि गर्न, लैंगिक हिंसा, घरेलु हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरी हिंसा विरुद्धको कानूनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिन, महिलाहरुको क्षमता अभिवृद्धिका लागि सशिपमूलक, चेतनामूलक कार्यक्रम संचालन गर्न महिला तथा बालबालिका लक्षित कार्यक्रमको लागी रु ५ लाख विनियोजन गरेको छु।

६६. यो नगरपालिका विविध संस्कृतिको संगम भएको नगरपालिका हो, यहाँको समुदायमा विविध जात जातीहरु विभिन्न धर्मावलम्वीको वासस्थान भएकोले सामाजिक सांस्कृतिक सदभाव, समन्वय र साझेदारीताको लागि चालु आ.व.मा नै केही कार्यक्रमहरु शुरु गरिएकोमा आगामी आ.ब मा पनि तीनिहरुलाई निरन्तरताको व्यवस्था गरेको छु । परम्परागत संस्कृतीहरुको उन्नयन गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

६७. आदिवासी जनजाती तथा दलित लक्षित परम्परागत शीप तथा संस्कृति संरक्षण कार्यक्रमको लागी रु १० लाख विनियोजन गरेको छु ।

६८. विभिन्न शिपमुलक तालिम, अभिमुखीकरण कार्यक्रम, अन्तरक्रिया कार्यक्रम, जातिय भेदभाव बिरुद्ध कानूनी सचेतना कार्यक्रमको लागि बित्तिय समानिकरण तर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

६९. सामाजिक बिकास तर्फ संघ एवं प्रदेश तर्फको शसर्त र अन्य अनुदानका अतिरिक्त रु ६ करोड १३ लाख ७५ हजार ४ सय ५० रुपैया रकम ब्यवस्था गरेकी छु । जुन कुल नगर तर्फको बजेटको १७.७८ प्रतिशत हुन आउँदछ ।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

७०. बिपदबाट बच्न र जनधनको क्षतिवाट बचाउन नगरपालिका स्तरिय बिपद् ब्यवस्थापन समितिलाई चुस्त र दुरुस्त बनाउनुका साथै अन्य सहयोगी संस्थाहरुको साथ र सहयोग लिईने छ । बिपद् प्रतिकार्य योजना बनाउने काम सम्पन्न भएको छ । बिकास निर्माणलाई वातावरणसंग सन्तुलन कायम गर्न जोड दिईने छ । वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्धन, प्रवर्धन र सदुपयोगमा जोड दिइने कार्यलाई प्राथमिकता दिईनेछ ।

७१. मानबीय सीप, स्थानिय श्रोत, साधनको प्रयोगलाई प्रोत्साहन गर्न अत्यावश्यक वाहेक हेभी इक्विपमेन्टको प्रयोगलाई निरुत्साहित गरिनेछ । प्रचलित कानून बमोजिम डि.पि.आर.,आई.ई.ई. र माटो परिक्षण गरेर मात्र भवन बनाउने, सडक खन्ने, माटो, बालुवा, ढुङ्गा उत्खनन गर्ने कार्य गरिनेछ ।

७२. फोहरमैला प्रशोधन तथा ब्यवस्थापनको लागि डम्पीङ साईट निर्माण संभाव्यता अध्ययन सम्पन्नको चरणमा रहेको अवस्थामा **"डम्पिङ साईट निर्माणको"** लागि जग्गा प्राप्ती गर्न रु ३० लाख बजेटको ब्यवस्था गरेको छु ।

७३. विपदबाट आइपर्ने सम्भाबित जोखिम न्यूनिकरण तथा पूर्वतयारीका लागि **"विपद् व्यवस्थापन कोष" मा** रु ६० लाख बजेट विनियोजन गरेको छु । साथै आकस्मिक अवस्थामा नागरिकको गास, वास, कपासको सुनिश्चितताको लागी **"खाद्य बैंक तथा कपडा बैंक"** स्थापना गरि संचालनमा ल्याउनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

७४. पूर्ण सरसफाईयुक्त नगरको अवधारणालाई संस्थागत रुप दिनको लागी **"अति गरिब घरपरिवारको पहिचान गरी शौचालय निर्माण, खानेपानी र विद्युत जडान"** जस्ता योजना कार्यान्वयनका निम्ति रु १४ लाख विनियोजन गरेको छु ।

७५. वन तथा वातावरण क्षेत्रको संरक्षण एवं प्रवर्द्धन गर्नका निमित्त "**वृक्षारोपण अभियान**" भू संरक्षण कार्यक्रम, रिचार्ज पोखरीहरुको निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु । वातावरण संरक्षणको क्षेत्रमा उल्लेख्य काम गर्ने ब्यक्ति/संस्थालाइ पुरस्कृत गर्न **"मुसिकोट वातावरण संरक्षण, कर्म पुरस्कार"** कार्यक्रम मार्फत पुरस्कृत गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

७६. चौपारी/पोखरी/धारा र ट्रष्ट निर्माण, वन उपभोक्तासंग अन्तरक्रिया लगायतका गतिबिधिको कार्यान्वयन गर्न आवश्यक बजेटको ब्यवस्था गरिएको छ । बाढी, पहिरो तथा भू-क्षयका जोखिमयुक्त क्षेत्र पहिचान गरी कमजोर भू-बनोट भएका क्षेत्रहरुमा **बायो-इन्जिनियरिङ्ग** प्रविधि प्रयोग गरी विपद् जोखिम न्यूनिकरणको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७७. खानेपानीलाई सरसफाइसँग जोडेर स्वास्थ्य र पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउन संघिय सरकारवाट बिशेष अनुदानका अतिरिक्त अन्य अनुदान र नगरपालिकाको तर्फवाट आवश्यक बजेट ब्यवस्था गरेको छु ।

**कानुन तथा न्याय**

७८. राज्य शक्तिको प्रयोग कार्यपालिका, ब्यवस्थापिका र न्याय पालिका मार्फत स्थानिय तहवाट समेत हुने व्यवस्था अनुरुप न्यायिक समितिलाई सक्षम र क्षमतावान वनाइने छ । कानुन तथा न्याय सम्पादनको लागी मेलमिलापकर्ताको पारिश्रमिक, तालिम साथै विधायन समितिको क्षमता विकास तालिमको लागी रु ९ लाख विनियोजन गरेको छु।

**पुर्वाधार विकास**

७९. विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाईने कुरा नीति तथा कार्यक्रममा प्रश्तुत भईसकेको छ । सडक सञ्जाल ब्यापक विस्तार भईसकेको सन्दर्भमा सो को स्तरोन्नती गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनुका साथै नगरपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिईने छ।

८० **"हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिवद्धता"** अनुरुप नगरपालिका भित्रका सडकहरुमा सडक बोर्ड नेपाल, प्रधानमन्त्री रोजगार कार्यक्रम र स्थानीय जनताहरुको सहभागितामा नाली निर्माण कार्यक्रमलाई जोड दिन आवश्यक व्यवस्था मिलाएको छु।

८१. विकासका सबै आयामहरुले समेटिएको विकासको निम्ति **"दीगो विकासका लक्ष्यहरु"** साथै नगरपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्फ केन्द्रित रही गतिविधिहरु अगाडी बढाइएको छ।

८२. चालु आ.व.मा संझौताभई कार्यान्वयनमा रहेको नगरपालिकाको प्रशासकीय भवन बहुवर्षिय ठेक्का भएको, नगर र संघिय सरकारको ५०/५० को लगानीमा निर्माण हुने भएकोले आगामी आ.व.को लागि रु २ करोड ८६ लाख बजेट छुट्टाएको छु । त्यस्तै बिभिन्न पक्षहरुबाट लगानीको लागि साझेदारी गर्न रु ७६ लाख ब्यवस्था गरिएको छ । चालु आ.व.को र अनिवार्य दायित्व - अन्तर्गत, तपशिल बमोजिम बजेट ब्यवस्था गरेको छु,

- सभा हलको लागि रु २६ लाख ५ हजार
- थुम पार्क पर्यटकीय स्थल निर्माणको लागि १६ लाख १९ हजार ५ सय
- प्रदेश समपुरकको लागि रु २ करोड
- संघिय समपुरकको लागि रु ८० लाख

८३. त्यसैगरी नगरपालिकाको वडा नं ७ वामीटक्सार मा प्रदेश सरकारसँगको साझेदारीमा कभर्ड हल निर्माण गर्नका लागि यस आ. व. मा रु २५ लाख बजेटको व्यवस्था गरेको छु ।

८४. मुसिकोटलाई सडक सन्जालले जोड्ने परिकल्पना गरिएको र मुसिकोटको गौरबको रुपमा रहेको नगरपालिकाका वडा नं १, २, ३ र ४ समेट्ने भन्ज्याङ-हांडीखोला-पौँदी अमराइ सडक स्तरोन्नती र खर्वाङ–धुमी–मालीका–स्वाँरा–मालारानी जोड्ने मोटरबाटो निर्माण जस्ता सडकको लागि रु ४० लाख विनियोजन गरेको छु ।

८५. वातावरणिय प्रभावको मूल्याङ्कन गरी सडकहरुलाई प्राथमिकताका आधारमा स्तरोन्नती गर्दै लगिने छ । आवश्यक स्थानमा कल्भर्ट निर्माणलाई प्राथमिकता दिइने छ । नगरपालिका क्षेत्रभित्रका भित्रि बाटोहरुमा नालीको व्यवस्था गरी बर्षायाममा समेत ग्रामिण यातायातको सुनिश्चितता गरिने कामलाइ मर्मत संभार कोष मार्फत प्राथमिकता दिइने छ । मर्मत संभार कोषको लागी रु १० लाख रकमको व्यवस्था गरेकी छु । सडक लगायत निर्मित सार्वजनिक सम्पत्तीको संभार एवं मर्मतसंभारको साथै आकस्मीक सडक मर्मत एवं अवरुद्द सडक संचालन गर्न यही कोषको परिचालन गरिने छ ।

८६ मुसिकोट नगरपालिकाको एक मात्र बहुमुखी क्याम्पस रुद्रावती बहुमुखी क्याम्पसको पूर्वाधार निर्माण एवं व्यवस्थापन खर्चको लागि रु १५ लाख विनियोजन गरेको छु ।

८७. वडा नं १ को भौगोलिक अवस्थालाई मध्यनजर गर्दै सेवा प्रवाहमा सबै जनताको पहुँचलाई सुनिश्चित गर्न सिम्लेमा बहुउद्देश्यीय सामुदायिक सेवा केन्द्र निर्माणको लागि रु १५ लाख विनियोजन गरेको छु ।

८८. नगरपालिकाभर ७५/२५ प्रतिशत जनसहभागिता जुटाई सिंचाई गर्नका लागि कुलोहरु निर्माण, मर्मत तथा व्यवस्थापन गर्ने काम प्राथमिकताका साथ अगाडी बढाई सकिएको छ । सिंचाइको निम्ती महत्वपूर्ण योजनाहरु कार्यान्वयन गर्न ६३ लाख बजेट विनियोजन गरेको छु ।

८९. त्यसैगरी सञ्चार क्षेत्रको विकासको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

९०. पूर्वाधार बिकासमा संघ र प्रदेश सरकारको तर्फवाट प्रशस्त कामहरु भइरहेका र सम्पन्नको चरणमा रहेका छन् । बिद्यालय पूर्वाधार पुनःनिर्माण तर्फ, राष्ट्रपति शैक्षिक सुधार, मुख्यमन्त्री शैक्षिक सुधार लगायत सडक निर्माणका कार्यहरु भइरहेको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन

चाहन्छु । त्यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रम र सडक बोर्डको कार्यक्रमलाइ पूर्वाधार बिकास कार्यक्रममा आबद्द गरिने ब्यहोरा प्रतिबद्दता ब्यक्त गर्दछु । त्यसैगरी नगरपालिकामा निर्मित सार्वजनिक सम्पतिको सम्भारका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

९१. बिद्युत आपूर्तिलाइ भरपर्दो बनाउन नगरपालिकाको मुकाम लगायत अन्य बस्तीहरुमा राष्ट्रिय प्रशारण लाईनको विस्तार गरिएको र बिस्तार हुन नसकेका अन्य वस्तीहरुमा पनि राष्ट्रिय प्रशारण लाईनको विस्तारलाइ थप निरन्तरता दिइने छ । सामूदायिक ग्रामिण बिद्युतिकरण तर्फ प्रणाली सुदृढिकरण र क्षमता अभिबृद्दि गर्ने कार्यलाइ प्राथमिकता दिइने छ । नगरपालिका भित्र रहेका सम्पूर्ण साना तथा लघु जलविद्युत आयोजनाहरुलाई एकीकृत गर्दै ग्रीडिङ, विद्युत प्राधिकरणसँग समन्वय गरी विक्रीको सुनिश्चित गर्ने काम अगाडी बढाउन बिशेष पहल गरिने छ ।

९२. उज्यालो नगरपालिका अन्तर्गत बैकल्पीक उर्जाको माध्यमवाट सौर्य सडक बत्ति जोड्ने कामलाइ चालु आ.व.मा कतिपय वडाका महत्वपूर्ण स्थानहरुमा जडान गरिएको र यस लाइ निरन्तरता दिंदै अझ बिस्तार गर्न बैकल्पीक उर्जा प्रबर्धन केन्द्रसंग समन्वय गरिने छ ।

९३. नगरपालिकामा कार्यान्वयन हुने विभिन्न भौतिक पूर्वाधारहरुको गुणस्तरीयता मापन गर्दै पूर्वाधार क्षेत्र तर्फका योजनाहरुको अनुगमन एवं मूल्याकंनलाई थप प्रभावकारी बनाउने उद्येश्यले प्राविधिक इक्यूपमेन्ट खरिद गरी ल्याव स्थापना एवं सन्चालनार्थ रु १३ लाख बजेटको व्यवस्था गरेको छु ।

९४. पूर्वाधार बिकास तर्फ आगामी आ.व. २०७९/०८० को लागी जम्मा रु १५ करोड ३२ लाख १९ हजार ६ सय ७५ बजेटको ब्यवस्था गरेको छु । **जुन कुल नगर तर्फको बजेटको ४४.३९ प्रतिशत हुन आउँदछ ।**

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

९५. जनताको घरदैलोको सरकारको उपस्थिति वडा कार्यालयहरुले जनाएका छन् जहाँ दरबन्दी अनुरुपका अधिकांस पदहरु रिक्त रहेका छन् । पदपूर्ति हुन बाँकी दरबन्दीमा पद पूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा गत वर्ष र यस वर्ष माग आकृति पठाइएको तर कतिपय कानूनी कुराले रोकिएको छ भने रिक्त बाँकी पदहरु यथाशिघ्र पद पूर्तिको लागि प्रकृया अगाडि बढाइएको छ । स्थाइ पदपूर्ति नभए सम्मका लागि करार सेवाको माध्यमबाट सेवा प्रवाहको निम्ती आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।

९६. जनताको नजिकको सरकारको पहिचान दिने सेवा प्रवाह इकाइहरु वडा कार्यालय हुन । यि कार्यालयको व्यवस्थापकिय पक्षमा बिशेष ध्यान दिइने छ । व्यवस्थापकिय खर्च बृद्धी गरिनुका साथै नीति तथा कार्यक्रमको ब्यवस्था बमोजिम समग्र नगरपालिकाको तर्फवाट उत्कृष्ट कर्मचारीलाइ कदर एवं सम्मान गरिनुका साथै वडा कार्यालयमा कार्यरत कर्मचारीलाइ आगामी वर्ष देखि उचित प्रोत्साहन गर्ने कामको थालनी गरिने छ ।
९७.सेवा ग्राहीलाई सम्मान पूर्वक सेवा प्राप्त गर्ने हक स्थापित गरिने छ । कर्मचारीको क्षमता अभिबृद्धि गर्न र प्रोत्साहन मूलक गतिबिधिको लागि  बजेटको ब्यवस्था गरेको छु ।

९८. कार्यालयको कामलाई सूचना प्रविधि मैत्री बनाई पछिल्लो प्रविधिको प्रयोगलाई विशेष प्राथमिकता दिईने छ । निर्णय प्रक्रियालाई छिटो छरितो बनाई सरकारी काममा ढिला सुस्ती हुन दिईने छैन् । कागजी कामलाई क्रमश: न्यून गर्दै लगी प्रविधिको प्रयोगलाई अत्यधिक महत्व दिईने बिषयलाइ प्राथमिकता दिइने छ ।

९९. प्राबिधिक शाखा, योजना शाखा र खरिद ईकाई र अन्य बिषयगत शाखाहरुलाइ थप क्षमतावान बनाई परिणाम मुखि बनाउन सो अनुरुप बजेटको ब्यवस्था गरेको छु ।

१००. कार्यालयमा वार्षिक कार्यक्रम तथा बजेट, पुस्तिका प्रकाशन, जानकारी मूलक प्रकाशनहरु, स्थानीय पत्रपत्रिका, वेवसाईट अध्यावधिक, एफ.एम मार्फत गतिविधिहरु सार्वजनिकीकरण, कार्यालयका गतिविधिहरुलाई चौमासिक समिक्षा गोष्ठी, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, कार्यालयमा सूचना पाटी, सेवाग्राहि सहायता कक्षको ब्यवस्था लगायतका सुशासनसंग सम्वन्धित कुराहरुलाई प्रभावकारी बनाउन आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

१०१. नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयनको लागि सचेतना अभियान संचालन गरिनेछ । वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा सूझाब पेटिका राख्ने कामलाई प्राथमिकता दिईने छ ।

१०२. सुशासन प्रबर्धनका निमित्त नगर कार्यपालिकाको कार्यालयका गतिबिधिहरुलाई सेवाग्राहि र अन्य सेवाग्राहीले देख्न र हेर्न सक्ने गरी वेभसाइट अद्याबधिक र सुचना पाटी अद्याबधिक, इ-मेल, फेसबुक अद्याबधिक, सेवाग्राही सन्तुष्टी फाराम जस्ता बिषयहरुलाई उच्च प्राथमिकतामका साथ

निरन्तरता दिइने छ र सुशासन प्रबर्धनमा बिशेष प्राथमिकता दिईने छ। मुसिकोट नगरपालिका भित्रका विद्यालयहरुमा जडित बिद्युतिय हाजिरीलाई अनिवार्य रुपमा संचालन गरिने छ।

१०३. नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा बिद्युतिय हाजिरी जडान गर्ने कार्य सम्पन्न भईसकेको छ। यिनको अनिवार्य रुपमा संचालन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाईएको छ।

१०४ . सार्वजनिक प्रशासन संचालनतर्फ सुरक्षा व्यवस्थापनका लागि रु. ५ लाख रुपैयाँ विनियोजन गरेको छु । सूचना प्रविधि क्षेत्र तर्फ सफ्टवेयर निर्माण तथा खरिदका लागि रु. ५ लाख रुपैयाँ विनियोजन गरेको छु । पञ्जीरकरण व्यवस्थापन, स्थानीय तहको स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन र सुशासन प्रवर्द्धनका लागि समेत आवश्यक वजेट विनियोजन गरेको छु।

१०५. नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित, प्रभावकारी बनाउन र आन्तरिक सुरक्षा व्यवस्थापनलाई थप मजबुत बनाउन आगामी आर्थिक बर्षदेखि नगर प्रहरीको व्यवस्था मिलाईने छ। यसको लागी रु १९ लाख विनियोजन गरेको छु।

१०६.यस नगरपालिका भित्र सामाजिक परिचालनको माध्ययमबाट जनतालाई प्रत्यक्ष रुपमा देख्न, छाम्न र अनुभूत गर्न पाउने स्थानीय सरकारको आभाष दिलाउनको लागि सामाजिक परिचालनको क्षेत्रमा आवश्यक वजेट विनियोजन गरेको छु।

१०७. यसै सम्मानित सभा समक्ष आजको पहिलो कार्यसूचिमा पेश भएको नीति तथा कार्यक्रम नै हाम्रो आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमको मूख्य आधार भएकोले नीति तथा कार्यक्रममा उल्लेख भई छुट हुन गएका कतिपय विषयहरु यसै बजेट तथा कार्यक्रममा समाबेश गरी कार्यान्वयन गरिने ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

१०८. संस्थागत विकास, सेवा प्रवाह र सुशासन शिर्शक अन्तर्गत संघ, प्रदेश र अन्य बिषयगत क्षेत्रका अतिरिक्त आगामी आ.व. २०७९/०८० को लागी रु १० करोड ४६ लाख २६ हजार ८ सय ७५ बजेट ब्यवस्था गरेको छु, जुन नगर तर्फको कुल बजेटको १५.५० प्रतिशत हुन आँउदछ ।

**सभाध्यक्ष महोदय,**

**सभासदस्य ज्यूहरु,**

**उपस्थित महानुभावहरु,**

**अन्त्यमा,**

१०९. नेपालको संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्रको निर्माणमा टेवा पुर्याउने र दिगो बिकासका लक्ष्यहरु समेटिएको "**समृद्द नेपाल, सुखि नेपाल**" को आकाङक्षा पुरा गर्ने उद्देश्यकासाथ तर्जुमा गरिएको यस बजेटको प्रभावकारी कार्यान्वयन गर्न सहयोगको लागि सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछु ।

११०. यस सम्मानित सभामा प्रश्तुत प्रश्तावित बजेट तर्जुमा गर्न र मुसिकोटको समष्टिगत विकासका लागि सहयोग पुर्याउने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, दातृ निकायहरु, नीजि क्षेत्र, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, निःवर्तमान जनप्रतिनिधीहरु, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, बिद्यालयहरु लगायतका सम्पूर्ण संस्थाहरुमा कार्यरत कर्मचारीहरु, सम्पुर्ण नागरिकहरु प्रति धन्यबाद दिंदै विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गर्दै प्रस्तुत बजेट तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । सम्पूर्ण मुसिकोट बासी दिदी बहिनी तथा दाजुभाईलाई बिपद्जन्य जोखिमवाट सुरक्षित रहँदै सामाजिक एकता र ऐक्यबद्दता कायम राख्दै  सबल, सक्षम, सुदृढ र न्यायपूर्ण मुसिकोट निर्माणमा योगदान गर्न म आब्हान गर्दछु ।

धन्यबाद ।

गंगा श्रेष्ठ
नगर उपप्रमुख
मुसिकोट नगरपालिका
वामीटक्सार, गुल्मी ।